# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - २८

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल असार ३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १२:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीलाई सार्वजनिक महत्वको विषयमा बोल्नको लागि समय दिनुहुँदा नेपाली काँग्रेसका मा० सदस्यहरुले पहिले प्रमुख प्रतिपक्षी दलका नेताले बोल्न पाउनुपर्छ भन्दै सभामुख आशन अगाडिको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीको वक्तव्य आइसकेपछि प्रमुख प्रतिपक्षी दललाई समय उपलब्ध हुनेछ भन्नुहुँदै आशन ग्रहण गर्न नेपाली काँग्रेसका मा० सदस्यहरुलाई बारम्बार आग्रह गर्नुहुँदा पनि उहाँहरुले नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले बैठक २०७६ साल असार ४ गते बुधबार बिहान ११:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल असार ४ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी दिनको १२:१० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव